नेपाल सरकार
संघीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालय
**(संघीय मामिला शाखा )**

प.सं.२०७७/७८
च.नं. १०

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ

सिंहदरबार, काठमान्डौ ।

मिति :२०७७/०४/२१

श्री स्थानीय तहहरु सबै ।

विषयः परिपत्र सम्वन्धमा।

प्रस्तुत विषयमा शहरी विकास मन्त्रालयको च.नं. २२५२ मिति २०७७/०३/१५ गतेको पत्रको छायाँ प्रति र निर्णयको प्रतिलिपी यसै पत्रसाथ संलग्न छ । सो अनुसार गर्नु, गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

(भेषराज खनाल)
शाखा अधिकृत

वोधार्थः
१.श्री शहरी विकास मन्त्रालय, सिंहदरवार काठमाण्डौं ।
२.श्री सूचना प्रविधि शाखा, वेवसाइटमा पत्र अपलोड गरिदिनुहुन ।

फोन:४२००२८६, फ्याक्स नं. : ४२००१०८/१०९/११०, वेबसाइट : www.mofaga.gov.np

नेपाल सरकार
# शहरी विकास मन्त्रालय
योजना तथा वैदेशिक समन्वय शाखा

फोन नं.: ४२११६७३, ४२११५६०, ४२११८८३
फ्याक्स: ९७७-१-४२००२४६
सिंहदरबार काठमाडौं, नेपाल ।

पत्र संख्या:- ५३६
चलानी नं.:- २२८२

मिति: २०७७/०३/१५

विषय: परिपत्र गर्न अनुरोध गरिदिने सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ,
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ नेपाल सरकार(मन्त्रिपरिषद्)को मिति २०७६/११/१८ को निर्णयानुसार संसोधन भई सो संसोधन सम्बन्धी सूचना मिति २०७७/०१/०८ गतेको राजपत्रमा प्रकाशित भएको व्यहोरा विदितै छ ।सो सम्बन्धमा केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७/०३/०५ गतेको बैठकको निर्णयानुसार **"विगतमा कार्य प्रगति सन्तोषजनक नरहेको परिपेक्ष्यमा अव संसोधित कार्यविधि बमोजिम स्थानीय तहबाट तदारुकताका साथ् कार्य अगाडी बढाउन सम्बन्धित स्थानीय तहलाई अनुरोध गर्ने र आवश्यकता अनुसार प्राविधिक सहयोग गरि कार्यान्वयनमा तिब्रता ल्याउन सम्बन्धित संघीय आयोजना कार्यान्वयन इकाई/सघन शहरी तथा भवन निर्माण आयोजनाहरुलाई निर्देशन दिने"** भन्ने निर्णय भएको हुँदा सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम सुरक्षित नागरिक आवास कार्यक्रमलाई प्राथमिकताका साथ् कार्यान्वयन गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गरी पत्राचार गरिदिनुहुन निर्देशानुसार अनुरोध छ । साथै निर्णयको प्रतिलिपि यसै साथ् संलग्न छ ।

(सुधिर शाह)
इन्जिनियर

आज मिति २०६६।०३।०५ गते शुक्रवार(का) दिन
माननीय मन्त्री श्री वसन्त कुमार नेम्वाङज्यूको संयो
सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०
मा व्यवस्था भए बमोजिम केन्द्रिय सुरक्षित नागरि
आवास समन्वय समितिको चौथो बैठक बसी तप
अनुसारको एजेण्डामा छलफल गरि निर्णय गरियो

उपस्थिती:

माननीय मन्त्री, श्री वसन्त कुमार नेम्वाङ, शहरी विकास मन्त्र
माननीय राज्यमन्त्री श्री रामवीर मानन्धर, " " "
माननीय सदस्य श्री सुशिल भट्ट, राष्ट्रिय योजना आ
सचिव, श्री मधुसुदन अधिकारी, शहरी विकास मन्त्रालय
सचिव, श्री सूर्य प्रसाद गौतम, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रा
उप ~~सह-सचिव श्री [illegible]~~ अर्थ मन्त्रालय
महानिर्देशक, श्री मणिराम गेलाल, शहरी विकास तथा भवन निर्माण
सहसचिव, श्री नवराज प्याकुरेल, शहरी विकास मन्त्रालय
सहसचिव, श्री कृष्ण प्रसाद दवाडी, " " "
उपमहानिर्देशक श्री पद्म कुमार मैनाली, शहरी विकास तथा भवन निर्माण वि
उपमहानिर्देशक, श्री रामचन्द्र दंगाल, " " " " "
उपमहानिर्देशक, श्री चक्रवर्ती कंठ, " " "
सुरेश कुमार कार्की, सि.डि.ई., शहरी विकास मन्त्रालय
दिलिप कुमार गौतम उ.स. अर्थ मन्त्रालय
इ. रमा मैंया मानन्धर सं.वि.भ.नि विभाग
इ. सुमित्रा प्याकुरेल "
इ. बिना चालन्तु "
इ. सं. बैकुण्ठ उपाध्याय शहरी विकास मन्त्रालय
क.इ. सुरेन्द्र बतिवडा शा.वि तथा भ.नि.वि.
~~[illegible] शहरी विकास मन्त्रालय~~

बैठकका निर्णयहरु:

एजेण्डा : १

कार्यक्रम कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

छलफलको विषयबस्तु :

"सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ मा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/११/१८ गतेको निर्णयानुसार संशोधन भई सो संशोधन सम्बन्धी सूचना मिति २०७७/०१/०८ गतेको राजपत्रमा प्रकाशित भएको व्यहोरा अनुरोध छ ।हाल सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धित स्थानीय तहको बजेट प्रणलीमा प्रविष्ट भईसकेको व्यहोरा समेत अनुरोध छ ।

सुरक्षित नागरिक आवास कार्यक्रमको चालु आ. व. को भौतिक प्रगति २३.७५ प्रतिशत र वित्तीय प्रगती २०.२४ प्रतिशत रहेको छ । सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण तपसिल बमोजिम रहेको छ ।

| गत आ.व.मा | |
|---|---|
| विनियोजित बजेट कूल रु. ५९,६९,००,०००।०० मध्ये स्थानीय तहमा पठाईएको बजेट रु. ४९ करोड | खर्च : रु.१२,०६,२८,३३०~~।००~~ |

| | | | |
|---|---|---|---|
| स्वीकृत आवास संख्या : | १९२३० | सम्झौता भई कार्य शुरु भएको आवास संख्या: | ४९२६ |
| छनौट भएका आवास संख्या: | ८०३८ | सम्झौता भई कार्य शुरु नभएको आवास संख्या: | २०४० |
| सम्झौता भएको आवास संख्या: | ६९६६ | जस्तापाता समाग्री खरिद गरी निर्माण कार्य सम्पन्न: | ७५९ |

निर्णय :

विगतमा कार्य प्रगति सन्तोषजनक नरहेको परिपेक्ष्यमा अव संशोधित कार्यविधि बमोजिम स्थानीय तहवाट तदारुकताका साथ कार्य अगाडी बढाउन सम्बन्धित स्थानीय तहलाई अनुरोध गर्ने र आवश्यकता अनुसार प्राविधिक सहयोग गरी कार्यन्वयनमा तीव्रता ल्याउन सम्बन्धित संघीय आयोजना कार्यान्वयन इकाई/सघन शहरी तथा भवन निर्माण आयोजनाहरुलाई निर्देशन दिने ।

एजेण्डा : २

आगामी आ. व. २०७७/७८ को कार्यक्रम कार्यन्वयनका लागि आवास संख्या निर्धारण गर्ने सम्बन्धमा ।

छलफलको विषयबस्तु :

आ. व. २०७७/७८ को नीति तथा कार्यक्रमको बुदाँ नं. १९३ मा अति विपन्न, लोपोन्मुख र अति सीमान्तकृत जातजाती समुदाय र शहरी गरिबीका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास उपलब्ध गराउन सुरक्षित नागरिक आवास कार्यक्रमलाई सबै जिल्लामा विस्तार गरिनेछ । तीन वर्ष भित्र देशभरका सबै निजी घरहरुका फुसका छाना जस्तापाताले प्रतिस्थापन गरिनेछ भनी उल्लेख भएको ।

त्यसैगरी बजेट वक्तव्यको बुदाँ नं. २१९ मा नागरिकको सुरक्षित आवासको हक सुनिश्चित गर्न ३ वर्ष भित्र सबै खर र फुसका छाना भएका घर प्रतिस्थापन गर्ने गरी आगामी वर्ष थप १ लाख सुरक्षित आवास निर्माण गर्न बजेट व्यवस्था भएको, साथै सुर्खेत,बर्दिया,दाङ लगायतका जिल्लामा बाढी पहिरोमा परी घरवार गुमाएक परिवारका लागि यो कार्यक्रम संचालन गर्न बजेट व्यवस्था भएको ।

बसन्त कुमार नेम्वाङ
मन्त्री